पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ३४ | २०७२ चैत २६ गते शुक्रबार (Apr. 8 , 2016) | मूल्य रू. १०/-

## 'सार्वभौमसत्ताको बहस निरर्थक'



काठमाडौं । नेपालस्थित भारतीय राजदूत रन्जित रेले केही समयपहिला नेपालको सर्वाभौमसत्ताबारे बहस हुनु पर्ने भनि दिएको अभिव्यक्तिलाई पूर्वप्रधानमन्त्री एवं एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले ठाडो प्रतिवाद गरेका छन् । दाहालले नेपालको सार्वभौमसत्तामाथि कुनै किसिमको आशंका र बहस अस्वीकार्य भएको बताएका छन् । पछिल्लो समयमा सार्वभौमसत्ताबारे नै बहस हुनुपर्छ भन्ने कुरा मिडियामा आइरहेको र छिमेकीहरूबाट किन यस्तो भनिएको हो, यो आश्चर्य र विडम्बनाको विषय हो । (बाँकी अन्तिम पेजमा)

# पानामा पेपर्स काण्डमा मुछिए तेह्र नेपाली

काठमाडौं । कालोधनलाई सेतो बनाउने, सम्पत्ति लुकाउने र अवैध मुद्रा कारोवार गर्नेहरूको सूची सार्वजनिक गर्ने पानमा पेपर्स काण्डमा १३ नेपाली मुछिएका छन् । यी १३ नेपाली को को हुन्, यिनको वैंक खाता र कारोवार के कस्तो छ भनेर नेपाल राष्ट्र बैंकले विशेष निगरानी गर्न र सजगता अपनाउन बैकर्सहरूलाई निर्देशन जारी गरेको छ । नेपालमा व्याकडोरबाट ११ अर्व भित्र्याइसकेका र थप ३ अर्व भित्र्याउने चक्करमा लागेका अजय सुमार्गीको नाम पानमा पेपर्समा अहिलेसम्म देखिएको छैन । र, साथै हाइड्रो, होटल, तस्करी गर्नेहरू जो कालोधनका मालिक मानिन्छन्, तिनको नाम पनि अहिलेसम्म सार्वजनिक भएको छैन ।



अहिले सार्वजनिक भएका १३ नेपालीमा विजेन्द्र जोशी, विजेशकुमार तोडी अग्रवाल, विमल काजी ताम्राकार, बिनु श्रेष्ठ, विश्ववरसिंह थापा, विश्वधर तुलाधर, डा.श्यामबहादुर कर्मचार्य, हरिशकुमार तोडी, प्रा. शतेन्द्रकुमार गुप्ता, रोजेन्द्र काब्रा, रेनुका प्रधान, रेखा काब्रा र शशीकान्त अग्रवाल रहेका छन् ।

खोजी पत्रकारहरूको अन्तर्राष्ट्रिय संस्था इन्टरनेशनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नालिस्टले सार्वजनिक गरेको विवरणमा यी १३ नाम बाहेक अरू पनि हुनसक्ने बताइएको छ । यी १३ जनाले ट्याक्स हेभनमा उडस्टोक युनिभर्सल लि., वर्ल्ड (बाँकी अन्तिम पेजमा)

## चन्द राष्ट्रिय अध्यक्ष, दुवै राप्रपा मिल्ने



काठमाडौं । लामो छलफल पछि राप्रपा नेपाल र राप्रपा एकीकरण गर्न सहमति जुटेको छ । एकीकृत राप्रपाको कार्यकारी अध्यक्षमा कमल थापा नै भए पनि आपत्ति छैन भनेर राप्रपाका अध्यक्ष लोकेन्द्रबहादुर चन्दले सहमति जनाएपछि दुबै राप्रपा एकीकरण हुने साइत वैशाख ५ गते जुरेको खबर छ । एकीकरणपछि चन्द राष्ट्रिय अध्यक्षका रूपमा रहनेछन् । (बाँकी अन्तिम पेजमा)

## कांग्रेसको धारणा खोई ?

**अभियान संवाददाता**

काठमाडौं । नेपाली कांग्रेस संसदमा प्रमुख प्रतिपक्षी दल भएपनि उसले अहिले प्रमुख प्रतिपक्षी दलको भूमिका निभाउन नसकेको आभास पाउन थालिएको छ । हालै भारत र यरोपेली युनियन (ईयू)ले संयुक्त रूपमा प्रकाशित गरेको वक्तव्यमा नेपालको नयाँ संविधानलाई अपुरो र अधुरो भन्दै आलोचना गरेपछि सरकारले तत्कालै कडा प्रतिक्रिया जनाएर विरोध गरेको थियो । विभिन्न राजनीतिक दलहरूले समेत एउटा स्वतन्त्र र सर्वाभौमसत्ता सम्पन्न मुलुकमाथि ठाडो हस्तक्षेप गरेको भन्दै आलोचना गरेका छन् । तर संसदमा सबैभन्दा ठूलो दल र प्रमुख प्रतिपक्षी कांग्रेस भने त्यस विषयमा अहिलेसम्म मौन रहनुले कांग्रेसको नियतमाथि नै उब्जिएको छ ।



कांग्रेसले पार्टीपछि दलको विधानलाई पनि नयाँ संविधान अनुसार प्रादेशिक संरचना अनुसार संशोधन गरेको छ । हालै बसेको कांग्रेस संसदीय दल र केन्द्रिय समितिको (बाँकी अन्तिम पेजमा)

## लठ्ठी देखाएर तर्सेलान् पार्टीहरू ?

काठमाडौं । एमाओवादीले भाटे कारवाही गरेर खुव वाहवाही कमाएको थियो । जब मान्छे मार्नथाले तिनको रहेसहेको साख समाप्त भयो । आज माओवादी जनताको घृणाको पात्र बनेका छन् । पूर्वपञ्चहरूले पनि त्यही सिको गरेछन् कि के हो, आज संयुक्त मोर्चा बनाएर लाठी जुलुस निकाल्दै छन् । लठ्ठी देखाएर राजा फाल्ने शक्ति तर्सेलान् त ?

चैत २३ गते विजुली बजारमा भएको राजावादीहरूको भेलाले हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्रको माग गर्दै शक्ति प्रदर्शन गर्ने निर्णय गरेको छ । राप्रपा नेपालले यी दुबै माग छाडिसक्यो, सत्तावादी भइसक्यो भन्ने आरोप लगाउँदै केशरबहादुर विष्ट, ऋषिबाबुर परियार, सगुन लावती, विष्णु भट्टराई, श्याम केसीलगायतका नेताहरूको त्यो जमघटले राजधानीमा (बाँकी अन्तिम पेजमा)

## हिन्दूराष्ट्रका लागि संविधान संशोधनको प्रस्ताव लगिने



काठमाडौं । संविधानसभाको निर्वाचनमा राजासहितको हिन्दूराज्यको स्थापना हुनुपर्ने माग राख्दै निर्वाचनमा गएको राप्रपा नेपालले २४ सिट जितेर अहिले सत्तामा सहभागी भएको छ । सरकारमा सामेल तेस्रो ठूलो दल राप्रपा नेपालको चैत १८ देखि २० गतेसम्म वीरगञ्जमा भएको केन्द्रिय समितिको बैठकले धर्म निरपेक्षतालाई खारेज गर्नका लागि संसदमा संविधान संशोधनको प्रस्ताव लैजाने निर्णय गरेको छ ।

राप्रपा नेपालका अनुसार संविधान पूर्णधार्मिक स्वतन्त्रता र सर्वधर्मका बीचमा समानता कायम राख्दै नेपाललाई हिन्दूराष्ट्रका रूपमा उल्लेख गर्न तथा धर्मनिरपेक्षता खारेज गर्न संसदमा उपयुक्त समयमा संविधान संशोधनको प्रस्ताव राख्ने भएको छ । संसदबाट उक्त प्रस्ताव स्वीकृत नभएमा हिन्दूराष्ट्रका बारेमा जनमत संग्रहको माग गर्ने निर्णय पनि बैठकले गरेको छ । त्यसैगरी हिन्दूत्वप्रति जनचेतना अभिवृद्धि गर्ने, हिन्दूराष्ट्र पुनर्स्थापना गर्नका लागि सशक्त दबाव सिर्जना (बाँकी अन्तिम पेजमा)






पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# भारतलाई विश्वास गरिनहालौं

*नेपालको संविधानसभाले संविधान निर्माण गरी जारी समेत गऱ्यो । संविधान अन्य कुनै मुलुकका लागि नभएर नेपाल र नेपाली जनताका लागि निर्माण गरिएको भएपनि संविधान निर्माणकै क्रममा दक्षिणी छिमेकी मुलुक भारतले अनेक प्रकारले नेपाल सरकार र नेपालका राजनीतिक दलहरु माथि अनावश्यक दबाब दिनेक्रम जारी राखेकोमा राजनीतिक दलहरुले छिमेकीको दबाबलाई स्वीकार गरेनन् र उनीहरुले छिमेकीले सुझाव दिनसक्छन्, त्यसलाई ग्रहण गर्ने, नगर्ने अधिकार सार्वभौमसत्ता सम्पन्न मुलुक नेपालको हो भन्दै संविधान निर्माण गरी जारी गरे । संविधान निर्माणकै क्रममा केही मधेसवादी दलहरु संविधानसभा छोडेर मधेस आन्दोलनमा गए । मधेस आन्दोलनमा गएका केही मधेसवादी दहलरुले संविधान जारी भएपश्चात पनि संविधानलाई स्वीकार गर्न सकिरहेका छैनन् । ठीक त्यसैबेला भारतले नेपालमाथि अघोषित नाकाबन्दी गरेर नेपाललाई आफ्नो पञ्जामा पार्ने प्रयास गरेपनि नेपाली जनताले त्यसलाई कडा मुकाविला गर्दै भारतको प्रयासलाई असफल पारिदिएपछि अघोषित रुपमा लगाएको नाकबन्दी अघोषित रुपमै खोल्न भारत बाध्य भएको थियो ।*

*नेपालको तराईमा भएको आन्दोलन र असन्तुष्टीलाई आधार बनाएर भारतले नेपालको संविधानविरुद्ध विश्व जगतमा लविङ गरिरहेको छ । त्यसको आधार समाप्त पार्न अब नेपाल सरकार र राजनीतिक दलहरुले यसअघि मधेसवादी दलहरुसँग थालेको वार्ता प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन जरुरी भएको छ । नेपाल सरकारले पनि विगतमा आन्तरिक मामिलामा केही समस्या भएको स्वीकार गरिसकेकै हो । अब त्यसलाई आन्तरिक हिसाबले नै समाधान गराउने तर्फ सरकार र राजतीकि दलहरुले अग्रसरता लिनु जरुरी छ । नेपाल सरकार र राजनीतिक दलहरुले आन्तरिक मामिलामा हस्तक्षेप नगर्न विभिन्न समयमा छिमेकी मुलुक र विश्व जगतलाई आग्रह गरिसकेको अवस्थामा भारतले अग्रसरता लिएर नेपालको आन्तरिक मामिलालाई विश्व जगतमा पुऱ्याउन खोज्नु कुनै हालतमा पनि उचित हुन सक्दैन ।*

*भारतले हालै ईयूसँग मिलेर नेपालको संविधानप्रति विज्ञप्ति मार्फत टिप्पणी गर्दै नेपालको आन्तरिक मामिलामा अनुचित हस्तक्षेप गरेको छ । ब्रसेल्समा सम्पन्न ईयू र भारतको १३ औं सम्मेलन पछि जारी संयुक्त वक्तब्यमा नेपालको संविधानलाई अपूर्ण भन्दै समयसीमाभित्र रही संविधानका विवादित विषय मिलाउन भनि जुन दबाब दिइएको छ, त्यसले नेपालको सार्वभौमिकता र नेपाली जनताको आत्मनिर्णयलाई अवमूल्यन गर्ने प्रयास गरेको छ । दुई मुलुक ईयू र भारतबीच भएको बैठकमा तेस्रो मुलुक नेपालबारे बोल्नु आफैंमा आपत्तिजनक विषय हो । अन्य मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने संयुक्त राष्ट्रसंघको वडापत्र र अन्तर्राष्ट्रिय कानुनको समेत उल्लंघन गर्दै वक्तब्य जारी गर्नु साना मुलुकमाथि ठूला मुलुकले हेप्ने प्रवृत्ति समेत हो । भारतले नेपालको नयाँ संविधानप्रति असहमति जनाउँदै विगतमा नाकाबन्दी समेत लगाउन पुग्यो । यस विषयलाई अन्तर्राष्ट्रियकरण गर्दै नेपालविरुद्ध मोर्चाबन्दी गरेर सामान्य कुट्नीतिक मर्यदासमेत भारतले भुल्न पुगेको छ ।*

*भारत र ईयूले बुझ्नु पर्ने हो कुनै पनि राष्ट्र भौगोलिक रुपमा सानो र आर्थिक अवस्था कमजोर हुँदैमा उसको सार्वभौमिकता र आत्मनिर्णयको अधिकार सानो हुँदैन । कुनै राष्ट्र शक्तिशाली र आर्थिक अवस्था राम्रो भएपनि छिमेकीको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अधिकार उसलाई हुँदैन । छिमेकीसँग कुनै चासो र सरोकार भए सम्बन्धित राष्ट्रसँग कुराकानी गर्न सकिन्छ, तर त्यही विषयलाई लिएर विश्वजगतमा मोर्चाबन्दी गर्दै हिँड्नु संयुक्त राष्ट्रसंघको वडापत्रको विपरित र शिष्टाचार विपरितको कदम हो । भारत आफूलाई विश्वकै ठूलो लोकतान्त्रिक मुलुक भन्ने गर्छ, त्यस मुलुकका कार्यकारी प्रमुखले सामान्य कुटनीतिक मर्यदासमेत ख्याल नगरी छिमेकी मुलुकविरुद्ध मोर्चाबन्दी गर्दै हिँड्नु लज्जाको विषय हो । नयाँ संविधानप्रति असहमति जनाउँदै नाकाबन्दीमा उत्रिएको भारतीय सरकार आफ्नै मुलुकभित्र र अन्तर्राष्ट्रिय जगतमा समेत आलोच्य भएपछि नाकाबन्दी फिर्ता लिन बाध्य भएको थियो । तर ब्यवहारमा अहिले पनि उसले नाकाबन्दीकै बेलाजस्तो अपरिपक्व कुट्नीतिक ब्यवहार जारी राखेको छ । यो नेपाल र नेपाली जनताविरुद्धको षड्यन्त्र भएकाले यो खेदजनक रहेको छ ।*

*भारतले नाकाबन्दी गर्दा नेपालले त्यसलाई अन्तर्राष्ट्रिय करण गरेको थिएन । नेपालको क्षमता नभएर अन्तर्राष्ट्रियकरण नगरिएको पक्कै होइन । आपसी चासो र सरोकार अनौपचारिक र औपचारिक वार्ताबाटै समाधान गर्न सकिन्छ भनेर अन्तर्राष्ट्रिय करण नगरिएको हो, तर भारतले संयुक्त राष्ट्रसंघको निकाय मार्फत् अन्तर्राष्ट्रियकरण गर्ने प्रयासलाई नेपालले शानिलतापूर्वक कुट्नीतिक रुपमा प्रतिवाद गरेको थियो । नाकाबन्दी फिर्ता भएपछि सबै समस्याको सामाधान खोज्न प्रधानमन्त्री केपी ओलीले भारत भ्रमण समेत गरेका थिए । भारत भ्रमण भएको एक महिनापछि प्रधानमन्त्री केपी ओली चीन भ्रमणमा गएर पारवहन र यातायात सम्झौता गरेपछि भारतीय पक्षमा जुन चिढटिडाहट देखियो ईयूको संयुक्त वक्तब्यमा त्यो देखिएको हुनाले भारतले अझै पनि नेपालमाथि अनेक प्रकारले दुःख दिन सक्ने सम्भावना रहेको हुनाले त्यसमा नेपाल सरकार र राजनीतिक दलहरुले ध्यान दिनुपर्छ भन्ने हामीले ठानेका छौं ।*

# नेपाली जनता र राष्ट्रवाद

*देवेन्द्र चुडाल*

केही दिन पहिला नेपालको नयाँ संविधानको विषयलाई लिएर युरोपियन युनियन (ईयू) र भारतले निकालेको संयुक्त वक्तव्यलाई लिएर निकै हल्लीखल्ली मच्चियो । नेपाल सरकारले विज्ञप्ति नै निकालेर त्यसको विरोध गऱ्यो । नेपालमा वक्तव्यको व्यापक विरोध भएपछि ईयूले संयुक्त वक्तव्यमा नेपालको संविधानका बारेमा आफ्नो धारणा प्रतिविम्बित नभएको प्रष्ठ पारेको छ । नेपालमा रहेको युरोपियन युनियनका राजदूत रेन्सेज तिरिकले उपप्रधान तथा परराष्टमन्त्री कमल थापालाई भेट गरेर हालै ब्रसेल्समा युरोपियन युनियन र भारतको संयुक्त वक्तव्यमा नेपालको संविधानका बारेमा जे भनिए पनि युरोपियन युनियनले नेपालको संविधानलाई पहिला नै स्वगात गरिसकेकाले उसको मान्यतामा कुनै परिवर्तन नआएको प्रष्ठ पारेकी छिन् । त्यसैगरी नेपाल भ्रमणमा रहेको जर्मनी पोलियामेन्ट बुन्डेसटयागको टोलीले पनि संविधान जस्तो आन्तरिक मामिलामा टिप्पणी गरेर ईयू र भारतले गल्ती गरेको बताएको थियो ।

ईयू र भारतले नेपालको संविधानलाई अधुरो र अपुरो भन्दै समयसीमा नै तोकेर त्यसलाई सुधार गर्नुपर्ने वक्तव्य निकालेका थिए । नेपालका राजनीतिक दलहरूले वक्तव्यलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको भन्दै प्रधानमनत्री केपी ओलीले समेत कडा विरोध जनाएका भएपनि वक्तव्य निकाल्ने ईयू र भारतले अहिलेसम्म केही नबोलेका हुनाले नेपालमा रहेको ईयूका राजदूतले जे भने पनि त्यसको खासै अर्थ रहँदैन । ईयूका राजदूतले नेपलाको संविधान जारी भएकोमा विगतमै स्वगात गरिसकेका र अलिहे पनि ईयूको सोही पोजिसन कायम रहेको बताए पनि किन उनले आफ्नो देशलाई त्यस्तो वक्तव्य निकालेको भन्न सक्ने अवस्था देखिँदैन । राजदूतले किन संयुक्त वक्तव्यमा त्यस्तो भाषा प्रयोग भयो म पनि आश्चर्यमा छु भनेर उनले पन्छिने मात्र प्रयास गरेको प्रष्ठ रूपमै देख्न सकिन्छ । वक्तव्यमा सही गर्ने भारतले त्यस विषयमा अहिलेसम्म केही नबोल्नु र हालै भारतका राजदूत रन्जित रेले नेपालको सार्वभौमसत्ताका बारेमा बहस हुनुपर्ने अभिव्यक्ति दिनुले प्रष्ठ हुन्छ भारतले विश्वका अन्य मुलुकहरूलाई प्रयोग गरेर नेपालको संविधान अधुरो र अपुर रहेको प्रमाणित गर्न चाहान्छ ।

संविधान निर्माणकै क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्ना विदेश सचिवलाई नेपाल पठाएर संविधानमा आफ्ना कुरा राख्न दाबब दिएका थिए । तर सरकार र राजनीतिक दलहरूले त्यसलाई अस्वीकार गरेपछि भारत चिढिएको थियो । त्यही बहाना बनाएर मधेसमा केही मधेसवादी दलहरूलाई आफ्नै सहयोगामा आन्दोलन गर्न लगाएर भारतले नेपाललाई तह लगाउने प्रयास गरेको थियो । आफैंले गर्न लगाएको आन्दोलनलाई देखाएर अघोषित रूपमा नेपालमाथि नाकाबन्दी गरेर भारतले एउटा भूपरिवेष्ठित मुलुकले पाउने पारवहन सुविधाबाट समेत वञ्चित गर्न खोज्यो । अघोषित नाकाबन्दीले गर्दा नेपालको आर्थिक अवस्था मात्र डामाडोल भएन, विकास निर्माणका कार्यहरूसमेत ठप्प भए । २०७२ वैशाख १२ गते गएको भूकम्पको मारमा परेको नेपाल र नेपाली जनतामाथि लागेको घाउमा भारतले नुन छर्कने काम समेत गरेको हुनाले नेपाली जनता भारतीय सरकारमाथि धारे हात लगाउन बाध्य भए । भारत र नेपालबीच रहेको खुल्ला सिमाना र सदिऔंदेखि रहँदै आएको सम्बन्धलाई बिगार्ने र ठूलो दाजुको व्यवहार गर्ने भारतले बुझ्नु पर्ने हो नेपाली जनताले भारतीय जनताको विरोध गरेका छैनन् । भारतको विरोध गर्ने वातावरण स्वयं भारतीय सरकारले नै निर्माण गरिदिएको हो । आफ्नो देशको सार्वभौमसत्ताको रक्षा गर्न खोज्नु भारतको विरोध होइन ।

२०६२/०६३ मा भएको आन्दोलनको जन्मदाता भारत नै भएको र तत्कालिन सात दल र माओवादीले भारतको सहयोग र समर्थनमा दिल्लीमा १२ बुँदे सहमति गरेका हुनाले भारतको हैसियत बढेको हो । आफ्नो देशको आन्तरिक मामिला आफ्नै देशका नेताहरू बसेर मिलाउनु पर्नेमा नेपाली कांग्रेस, एमालेलगायतका अन्य केही दलका नेताहरूको स्वार्थका कारण भारतमा गएर उसैको सहयोगमा उसैले तयार गरिदिएको सहमति पत्रमा हस्ताक्षर नेपाली नेताहरूले गरेका हुनाले भारतले अहिले पनि नेपाल सरकार र नेपालका राजनीतिक दलका नेताहरू आफ्नो स्वार्थ अनुरूप सञ्चालन हुन भन्ने चाहान्छ । त्यही कारणले गर्दा संविधान जारी हुनुभन्दा केही दिन पहिला मात्र उसले आफ्ना विदेश सचिव जयशंकरलाई नेपाल पठाएर आफ्नो स्वार्थपूर्ति गर्न खोजेको भएपनि नेपाली जनताको सजगताका कारण राजनीतिक दलका नेताहरूले सचिवको सर्तलाई स्वीकार गर्न सकेनन् । भारतले नेपालमाथि आफ्नो प्रभाव कम हुँदै गएको आँकल गरेर नेपाल र नेपाली जनतामाथि अनेक प्रकारले दुःख दिँदै आएको छ । भारतले २०२७, २०४५ र २०७२ मा गरी तीन पटक नेपालमाथि नाकाबन्दी लगाइसकेको छ । २०६२/०६३को आन्दोलनपछि नेपाल गणतान्त्रिक मुलुक भएपनि भारतले अघोषित नाकाबन्दी लगाउनुले प्रष्ठ हुन्छ, ऊ अहिले पनि नेपाललाई आफ्नो प्रभावमै राख्न चाहान्छ । १२ बुँदे सहमति गर्दा प्रशन्न भएको भारतले अहिले नाखुस हुनुपर्ने कुनै कारण नै छैन । नयाँ संविधान नेपाली जनताका निर्वाचित जनप्रतिनिधिहरूले निर्माण गरेका हुन् । जनताले चाहेको खण्डमा संविधानलाई सजिलै संशोधन गर्न सक्ने संवैधानिक प्रावधान रहेको हुनाले अहिले कुनै पनि विदेशी राष्ट्रहरूले संविधानको विरोध गर्नुको अर्थ छैन । नेपाली जनताले चाहेका हुनाले संविधनको पहिलो संशोधन माघ ९ गते नै भइसकेको हुनाले संविधान संशोधन हुन सक्दैन भन्नु सरासर गलत हो । संविधान निर्माणको क्रममा रहेकै बेला केही मधेसवादी दलहरूले संविधानसभा छोडेको नाटक गरेर मधेस आन्दोलनमा गए, तर उनीहरूले संविधानसभा छोडेको उद्घोष गरेरपनि संविधानसभा सदस्य भएको नाताले पाउने सेवासुविधा एकमुष्ठ लिएका हुनाले केही मधेसवादी दलका नेताहरूले जनतालाई सरासर ढाँटेका छन् । केही मधेसवादी दलहरूले उठाएका मुद्दाहरू संविधान संशाधोन पुरा गरेको छ । उनीहरूले उठाएका मुद्दाहरूमा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र हुनुपर्ने र राज्यका प्रत्येक अंगमा समानुपातिक र समावेशी प्रतिनिधित्व हुनुपर्ने माग पुरा भएको छ । अब जनसंख्याका आधारमा निर्वाचन क्षेत्र हुने र राज्यका प्रत्येक निकायमा समानुपातिक, समावेशी सिद्धान्तका आधारमा प्रतिनित्व गराइने संवैधानिक व्यवस्था भएकाले अब मधेस आन्दोलनको कुनै अर्थ देखिँदैन । आन्दोलनको धम्की दिने केही मधेसवादी दलका नेताहरू लामो समयसम्म सत्तामा रहेका र सत्तामा रहँदा उनीहरूले मधेसका जनताको पक्षमा सिन्कोसम्म भाँच्न नसकेका हुनाले उनीहरू आ-आफ्नो निर्वाचन क्षेत्रमा पराजित भएका थिए । अहिले तिनै नेताहरू मधेसमा बसोबास गर्ने जनतालाई सम्झनु भनेको हुटिट्याउँले आकाश थाम्छु भन्नु सरह मात्र हो । जनताको ति नेताहरूमाथि विश्वास थियो भने उनीहरू निर्वाचनमा किन पराजित भए ?

नयाँ संविधान जारी भएपश्चात एमाले अध्यक्ष केपी ओलीको नेतृत्वमा सरकार बने पनि सरकार गठन भइएको ६ महिनाभित्रमा सरकारले जनतालाई कुनै राहत दिन सकेको छैन । तर जनताले त्यही ओली नेतृत्वको सरकारलाई विश्वास गरिरहेका छन् । ओली नेतृत्वकै सरकारको पालमा मुलुकले अघोषित नाकाबन्दी व्यहोर्नु पऱ्यो । जनताले सहजरूपमा अझै पनि इन्धनलगायत अन्य आवश्यक वस्तुहरू पाउन सकेका छैनन् । ग्यास पाउन जनताले दिनभर कुद्नु पर्ने अवस्था भएपनि सरकारको विरूद्धमा जनता सडकमा आउन तयार नदेखिनुले प्रष्ठ हुन्छ, जनता सजग भएका छन् । जनता राष्ट्रवादी छन् । भारतले अघोषित नाकाबन्दी लगाएपछि उनीहरू आफ्नो सरकारका विरूद्ध सडकमा गएनन् बरू उल्टो भारतीय सरकारलाई धारेहात लगाउँदै ओली नेतृत्वको सरकारलाई भारतका सामु घुँडा नटेक्न सुझाव दिन थाले । त्यसैले प्रष्ठ हुन्छ, नेपाली जनता राष्ट्रवादी छन् । केही राजनीतिक दलका नेताहरू दलाल भएर बेला बेलामा विभिन्न खालका विवादास्पद अभिव्यक्ति दिने गरेका भएपनि त्यस्ता नेताहरूलाई जनताले नै तह लगाउने गरेका प्रमाण हाम्रैसामु रहेका छन् । त्यसैको प्रमाण हो, एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले काठमाडौं क्षेत्र नं. १० बाट चुनाव हार्नु र उपत्यकाबाट एमाओवादीले दोस्रो संविधानसभाको चुनावमा एक सिट पनि जित्न नसक्नु ।

पछिल्लो समयमा नेपाली कांग्रेसको १३ औं महाधिवेशन सम्पन्न भएको छ । अब कांग्रेसले महाधिवेशनबाट निर्वाचित सभापतिसहित पदाधिकारी समेत पाएको छ । संसदीय दलको नेता समेत पाएको छ । एउटा निश्चित प्रक्रियाबाट कांग्रेस अगाडि बढेको हुनलो अब कांग्रेसले आफ्नो हिँड्ने बाटो यो हो भनेर नेपाली जनतालाई भन्न सक्नुपर्छ । संसदमा सबैभन्दा ठूलो पार्टी रहेको कांग्रेसको सहयोग र समर्थनविना ओली नेतृत्वको सरकारले दैनिक काम सञ्चालन बाहेक अन्य केही गर्न सक्दैन । अहिले पनि मुलुक राजनीतिक संक्रमणबाट मुक्त भएको छैन । सरकार र राजनीतिक दलहरूका अगाडि संविधान कार्यान्वयन, स्थानीय निकायको निर्वाचन र भूकम्पपीडितको उचित बसोबासको व्यवस्था मिलाउनुलगायतका अन्य धेरै समस्याहरू बाँकी रहेका हुनाले ति सबै समस्याको समाधान गर्न राजनीतिक दलहरू एकै ठाउँमा उभिनु आवश्यक छ । ओली नेतृत्वको सरकारमा कांग्रेस सामेल हुनु भनेको बाँडीचुँडी खाने दाउ बाहेक अन्य केही हुन सक्दैन । सरकार प्रमुख प्रतिपक्षबिहीन अवस्थामा रहे लोकतन्त्र नै खतरामा पर्ने र लोकतान्त्रको धर्म विपरितका कार्यहरू सरकारले गर्ने सम्भावना रहेको हुनाले कांग्रेसले अब के गर्ने हो, सरकारको नेतृत्व लिने अथवा सरकारलाई गुण र दोषका आधारमा सहयोग गरेर प्रतिपक्षीको भूमिका निभाउने त्यो निर्णय गर्नु आवश्यक छ । कांग्रेस अनिर्णयको बन्दी बनेको खण्डमा नत संविधान कार्यान्वयन हुन सक्छ, न त स्थानीय निकायको निर्वाचन नै हुन्छ ।

राजनीतिक दलहरू साच्चिकै जनताको सेवाका लागि गठन भएका हुन भने जनताको चाहना अनुसार उनीहरू चलन सक्नुपर्छ । बहुमत र अल्पमतको अनि साना र ठूला दल बीचको अन्तरलाई हेरेर निर्णय गरिने हो भने मुलुक अझै ठूलो संकटमा फस्न सक्ने भएकाले मधेसवादी दलहरूले उठाएका जायज मागहरू वार्ता मार्फत समाधान गरिनु आवश्यक छ । भूकम्प, नाकाबन्दी र मधेस आन्दोलनले गर्दा मुलुक बिसौं वर्षपछि धकेलिएको अवस्थामा अब त्यस्ता कार्यहरू अविलम्ब बन्द गरी सबै राजनीतिक दलहरू एकै ठाउँमा उभिन सक्नु पर्छ । यदि होइन भने मुलुक पुनः अर्को संकटमा फस्न सक्ने प्रवल सम्भावना रहेको छ ।

*devendrachudal@gmail.com*

# देशका सामु तीन मुद्दा, तीन संकट



राजन कार्की

देशका सामु हिन्दूत्व, राजतन्त्र र संघीयता तीन मुद्दा छन् र यिनै तीन मुद्दा राष्ट्रिय संकट बनेको छ । यी तिनै मुद्दामा जनमत लिइएन र राजनीतिक सहमतिमा संविधानमा सामेल गरेर घोषणा गरियो । जनमत नलिइएकाले जनताले संविधानलाई अपनत्व ग्रहण गर्न सकेनन् । जनताले संविधान मानेको भए यतिबेलासम्म संविधान जनताको जिवनचक्र बनिसक्थ्यो, संविधान जिवन्त मानिने थियो । आखिरमा जनबल नभएको र राजनीतिक दलको मतले जारी गरेको संविधान असफल हुँदै गएको छ ।

लोकमतको महत्व पार्टीहरूले अव बुझ्े होलान् । लोकतन्त्रमा लोकमत नलिई गरिएको निर्णय कसरी पानीको फोकाजसरी फुट्ने रहेछ र देशको शासन व्यवस्थामा लागू हुन नसक्ने रहेछ भन्ने ताजा उदाहरण नेपालको संविधान २०७२ बन्न पुगेको छ । यो संविधान अझै कार्यान्वयन हुन सकेन, किनभने जनसुझावलाई यो संविधानमा समावेश नै गरिएन । यसकारण संविधानमा जनमत परेन र संविधान राष्ट्रको मूलकानुन, पवित्र ग्रन्थको रूपमा कसैले लिएनन् । यस्तो संविधान के संविधान जसले देशवासीको विश्वास आर्जन गर्न र देशलाई एकतावद्ध पारेर बाँध्न सकेन । यो संविधानले त देशलाई विखण्डन, विभाजन र नेपाली जनतावीच एकदोस्राप्रति तिक्तता पो बढायो । राष्ट्रिय एकता कसैले भाँड्यो भने राजनीतिक दलहरूले भाँडे, कसैले एकता विभाजित पार्‍यो भने त्यो राजनीतिक नेताहरूले । राजनेता बन्नुपर्नेहरू स्वार्थको घेरामा साँघुरिदा देश र जनताले महगो मूल्य चुकाइरहेका छन्, अझ कति रगत, पसिना सुकाउनु पर्ने हो । छानो भत्काएर परिवर्तनको डंका पिट्नेहरू देशको छानो बन्न सकेनन् ।

हचुवाका भरमा निर्णय गर्ने नेताहरू नालायक भएपछि जनता रगतको आँसु रोइरहेका छन्, जनताको पीडा, विपत बुझ्ने क्षमता न राजनीतिक नेतामा भयो, न तिनले जारी गरेको संविधानमा नै रह्यो । कठै नेपाली, सतीको सरापबाट कहिले मुक्ति पाउलाउ ?

समस्या चर्कदैछ, विवाद बढ्दैछ । संघीयता, धर्मनिरपेक्षता र संवैधानिक राजतन्त्र यी तीन मुद्दाका कारण संविधान जारी भएको ७ महिनामा पनि ९१ प्रतिशतको प्राविधिक दुई तिहाई मतले पारित भएर जारी गरेको संविधान कागजको खोस्टोमा सिमित हुनपुगेको छ । संविधान पारित गर्नुपूर्व देशव्यापी रूपमा जुन जनविचार संकलन गर्ने काम भएको थियो, संकलित जनविचारलाई रद्दीको टोकरीमा फालेर ठूला पार्टीले आफ्ना विचार संविधानमा लाद्ने काम गर्दा राष्ट्रघात र राष्ट्रिय अपराध हुनपुगेको हो ।

जतिसुकै मतले पारित भए पनि यथार्थमा संविधानमा जनताका आशा, अपेक्षा र सुझाव सामेल नै गरिएन । यहीकारणले गर्दा संविधान पूर्ण छ, समानुपातिक छ, सबैका अधिकार समेटिएका छन्, उत्कृष्ठ छ भनेर झ्याली पिट्दासमेत संविधान संविधानजस्तो हुनसकेन । संविधानलाई जनताले अपनत्व नै मानेनन् । अर्थात जारी संविधान संसदबाट पारित भयो, तर जनताको आस्थाले पारित हुनसकेन । भन्नुको अर्थ जनताले यो संविधानलाई आत्मसात नै गर्न चाहेनन् । यहीकारण ठूला राजनीतिक दलहरू राष्ट्रिय सरकार बनाएर संविधान कार्यान्वयन गर्ने नयाँ सगुफा छोडिरहेका छन् । ठूला राजनीतिक पार्टीहरू मिलेर लोकतन्त्रलाई एकाधिकारवादमा रूपान्तरण गरेर र साना पार्टीहरूलाई प्रतिपक्षमा राखेर जबरजस्ती संविधान लाद्ने षडयन्त्र गरिहेका छन् ।

जसरी एउटा गल्ती छोप्न हजार गल्ती गर्नुपर्ने हुन्छ । एउटा झूठलाई सत्य सावित गर्न पटक पटक झूठ बोल्नुपर्छ । त्यस्तै झूठा र जनविरोधी काममा लागिरहेका छन् ठूला दलहरू । ०६३ सालको परिवर्तनपछि ठूला दलहरूले जसरी सिण्डिकेटतन्त्र चलाइआएका छन्, लोकतान्त्रिक संवैधानिक शासनको आवरणमा संविधान जारी गरेपछि पनि त्यही सिण्डिकेटतन्त्रलाई निरन्तरता दिइरहेका छन् । राष्ट्रिय सरकार गठन गरेर संविधान कार्यान्वयन गर्ने भन्नुको अन्तररहस्य त्यही सिण्डिकेटतन्त्र हो ।

उपरोक्त तीन समस्या संवोधन नभएसम्म राजनीतिक दलहरूले टाउकै फोडे पनि अव जारी भएको संविधान सफल हुनेवाला छैन । संविधानले विभेद गरेको छ, राष्ट्रिय सहमति आत्मसात गरेको छैन, जनमतको समर्थन पनि छैन भन्ने कुरा भारत-इयुको वक्तव्यले पनि सावित गरिसकेको छ । यो वक्तव्यलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप भनेर स्यालहुइया गरिएको छ । यी स्यालहुइया गर्नेहरूले २०४६ सालमा भारतीय नेताहरूलाई चाक्सीवारीमा निम्त्याएर राष्ट्र र राष्ट्रियतामाथि खुलाबलात्कार गराउँदा हस्तक्षेप भएको थियो कि थिएन ? बोलेका छैनन् ।

भारतको हस्तक्षेप निरन्तर जारी छ । अहिलेमात्र हस्तक्षेप भएको होइन । जनयुद्ध गर्न साधन, स्रोत, सामल दिने भारतले नेपालमाथि हस्तक्षेप गरेको हो कि होइन ? र, १९ दिने जनआन्दोलनमा भारतले, पश्चिमा र स्केण्डेनेभियन मुलुकहरूले विखण्डन र विभाजनका जुन हडकम्पहरू गरे, नेपाल निर्माता राजतन्त्रको निरंकूशता हटाउने नाममा संस्था नै समाप्त पार्न जुन नांगो हस्तक्षेप गरेका थिए, त्यो हस्तक्षेपबारे यी राजनीतिक दलहरू बोल्नुपर्छ भनेर किन जिब्रो तालुमा टाँसेर बसिरहेका छन् । यथार्थमा नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप निम्त्यायो कसैले भने यिनै राजनीतिक दलहरूले हो । आफ्नो मुलुकभित्रको आन्तरिक मामिलामा आफै निर्णय गर्न नसक्ने नालायकहरू अहिले आफूलाई पानीमाथिको ओभानो शिद्ध गर्न बाह्यहस्तक्षेप सह्य छैन भनेर जुन नाराबाजी गरिरहेका छन्, त्यो यिनको दुईजिब्रे नीतिमात्र हो । हेर्दै जानुपर्छ, अवको राजनीतिक समीकरणको परिवर्तनमा समेत बाह्य हस्तक्षेपलाई यिनैले निम्त्याउने छन्, यिनैले स्वागत गर्नेछन् । किनभने दिल्लीको बासमती चामलको बासीभात खाने यिनलाई बानी परिसकेको छ । जसको राजनीतिक मियो नै दिल्लीमा छ, यिनले विदेशी हस्तक्षेप भयो भन्नु नै हास्यास्पद छ ।

ताजा समाचारअनुसार पर्साका किसानहरूले लालपूर्जा देखाएर हाम्रो जग्गा किन भारतलाई दिएको, जग्गा फिर्ता चाहियो भनेर रूवावासी गरिरहेका छन् । एमालेका अध्यक्ष तथा प्रधानमन्त्री ओली र एमालेका नेता तथा गृहमन्त्री शक्तिवहादुर बस्नेत राज्यले दिएको लालपूर्जा खोसेर चुप लाग क्षतिपूर्ति दिन्छौं भनिरहेको छ । यस्तो सरकारले विदेशी हस्तक्षेपको विरोध गर्ने ? रत्नपार्कको चटके र ठूला पार्टीको सरकार उस्तै उस्तै देखिएन र ? मधेस आन्दोलित भयो, ६२ मारिए । किन दमन गरियो मधेसमा । मधेस नेपाल हो, ती नेपालीले संविधानमा के पाएनन्, किन चित्त दुखाए, संसदमा कहिले छलफल भयो ? राजनीतिक दलहरू मधेस पुगेर कहिले मधेसीलाई संविधान बुझाउने काम गरे ? आज देशमा हिन्दूवाद उत्रिएको छ, राजतन्त्रवाद उर्लिएको छ, संघीयताविरोधी आन्दोलन सरकारमै रहेकाले थालेका छन् । केपी ओली आफ्नै उपप्रधानमन्त्री राप्रपा नेपालका कमल थापा, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र अरू मन्त्रीका संविधानविरोधी क्रियाकलापलाई हेर्दै हेर्दैनन् ? यसको अर्थ संविधान सडक, सरकार र संसदमा समेत विवादित बनेको छ । विवादित संविधान कदापि उत्कृष्ठ हुनसक्दैन । यही संविधानको कमजोरीका कारण मधेस देश भनेर सीके राउत, राजेन्द्र महतोहरू उफ्रिन थालेका छन् । तिनलाई संविधानले देशविरोधी गतिविधि गर्न किन रोक लगाउन सकेन ? यद्यपि संविधान नमान्ने माओवादीका अनेक टुक्रा जनसरकार नै गठन गरेर अघि बढिरहेका छन् । तिनलाई संविधानले खोई नियन्त्रण गर्नसकेको ? देखाउनलाई राम्रो, कार्यान्वयन नै हुन नसक्ने संविधान भनेको कागजकै खोस्टो हो ।

धर्मवादी, संघीयताविरोधी र राजावादीहरू गणतन्त्रविरोधी विरोधसभा गर्न सडकमा उत्रिएका छन् । यो राप्रपा नेपालले हिन्दूराष्ट्र बनाएरै छाड्ने सपथ खाएको छ भने कांग्रेसका खुमबहादुरको जोश झन झन बढेर गएको छ । कांग्रेसकै महामन्त्री शशांक कोइरालाले संविधानमा पुनर्विचार गर्नुपर्छ भनिसकेका छन् । शाही युवाशक्तिले जेठ १५ भित्र राजतन्त फर्काउने भनेका छन् भने हिन्दूराष्ट्र र संघीयताको मुद्दा समुद्रको छाल उर्लिएजसरी उर्लिरहेको देखिन्छ । भ्रष्टाचार, महँगी, दण्डहीनता र असुरक्षाका संरक्षक बनेका यी सिण्डिकेटवाला हुटिट्याउँले आकाश थाम्ला कि सडकमा उत्रिन थालेका जनताले संघीयता, धर्मनिरपेक्षता र संवैधानिक राजतन्त्रजस्ता मुद्दालाई जनमत संग्रहको माध्यमबाट एउटा निर्णय दिलाउन बाध्य पार्लान्, मुलुक राजनीतिक संक्रमणको अन्तिम विन्दुमा पुगेको आभाष हुनथालिसकेको छ । यी तीन मुद्दाको छिनोफानो लोकतान्त्रिक तरिकाले नभएसम्म देशको कानुनव्यवस्था स्थिर हुन्छ भन्न सकिने अवस्था छैन ।

**लोकमतको महत्व पार्टीहरुले अव बुझ्े होलान् । लोकतन्त्रमा लोकमत नलिई गरिएको निर्णय कसरी पानीको फोकाजसरी फुट्ने रहेछ र देशको शासन व्यवस्थामा लागू हुन नसक्ने रहेछ भन्ने ताजा उदाहरण नेपालको संविधान २०७२ बन्न पुगेको छ । यो संविधान अझै कार्यान्वयन हुन सकेन, किनभने जनसुझावलाई यो संविधानमा समावेश नै गरिएन । यसकारण संविधानमा जनमत परेन र संविधान राष्ट्रको मूलकानुन, पवित्र ग्रन्थको रुपमा कसैले लिएनन् ।**


## राष्ट्रिय विकास स्वयंसेवक सेवा सम्बन्धी जानकारी

परापूर्वकालदेखि नै नेपालमा स्वयंसेवाको अभ्यास हुने गरेको पाइन्छ । परम्परागत रुपले हेर्दा नेपालमा सयौँ वर्षदेखि स्वयंसेवा गर्ने उद्देश्यले समुदायमा आधारिमत कार्यहरु हुँदै आएका छन् । तथापि समयक्रममा यसका पद्धति, तरिका तथा कार्यशैली एवं स्वरुपमा परिवर्तन हुँदै आएको छ ।

नेपाली समाजमा परम्परागत रुपमा चलिआएका रोदी, पोसाङ्ग, ढिकुर, मिर्चाङ्ग, किपट, बडघर, पर्म, भेजा, खयाल, चोहो, आमा समूह, गोला, गुठी, पानीकुलो र पँधेरो व्यवस्थापन, धर्मशाला तथा पाटीपौवा निर्माण जस्ता सामाजिक कार्यहरु स्वयंसेवाको भावनाबाट प्रेरित भएको पाइन्छ ।

नेपालमा आधुनिक स्वयंसेवी संस्थाको रुपमा सर्वप्रथम नेपाल चर्खा प्रचारक महागुठीले कार्य प्रारम्भ गरेको पाइन्छ । समयक्रममा परोपकार संस्था, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी आदि संस्थाहरु स्वयंसेवाको भावनाबाट प्रेरित भइ क्रियाशील रहँदै आएका छन् ।

नेपाल सरकारका विभिन्न आवधिक योजनाहरुले लिएको सार्वजनिक सेवा प्रवाह र गरिबी न्यूनिकरणको उद्देश्य प्राप्तिमा सहजिकरण गर्न यस सेवाले हालसम्म विकासका विविध पक्षहरुमा योग्यता हासिल गरेका, सीपयुक्त एवं राष्ट्रिय विकासको कार्यमा उत्साहित भइ संलग्न हुन चाहने व्यक्तिहरुलाई स्वयंसेवकका रुपमा परिचालन गर्दै आएको छ । आ.व. २०५५/०५६ मा मुलुकका २० जिल्लाहरुमा २२० जना स्वयंसेवक परिचालन गरी कार्यक्रम सुरु गरिएकोमा हाल यसको पहुँच ७५ जिल्लामा विस्तारित भइ आ.व. २०७१/०७२को असार मसान्तसम्म ११९७७ जनाले स्वयंसेवक भईकक योगदान पुर्‍याएका छन् ।

हाल यस सेवाले जनस्वास्थ्य, पशुसेवा, कृषि र सर्वाजनिक निर्माणका क्षेत्रहरुमा ७५ जिल्लाका सम्बद्ध विषयगत कार्यालयहरु मार्फत परिचालन गरिरहेको छ । साथै केही सहकारी तथा सामुदायिक संस्थाहरुसँग सहकार्य गरी पशुसेवा र कृषि क्षेत्रमा समेत स्वयंसेवक परिचालन गरिएको छ । यसरी परिचालित स्वयंसेवकहरु विषयगत कार्यालयहरुको आवश्यकता अनुसार सर्वाजनिक सेवाप्रवाहमा सहजिकरण गर्ने गरी क्रियाशिल रहेका छन् ।

यसर्थ, तपाईंहरुलाई पनि स्वयंसेवक भई सामुदायिक विकास तथा जनजागरण कार्यमा संलग्न हुन राष्ट्रिय विकास स्वयंसेवक सेवा हार्दिक अपिल गर्दछ ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
राष्ट्रिय विकास स्वयंसेवक सेवा
बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४४४६२८५
फ्याक्स नं. : ०१-४४४६२८९
वेभसाइट : www.ndvs.gov.np

नव वर्ष २०७३ को सुखद उपलक्ष्यमा समस्त ग्राहक तथा शुभचिन्तकहरूमा सुख, शान्ति एवं सम्वृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवकान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
NAWAKANTIPUR
M.P. Co-operative Society Ltd.
परिवार

नयाँ वर्ष २०७३ को सुखद अवसरमा हाम्रा समस्त ग्राहक वर्गहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम
परिवार

# Pigeon Caged

It is now pertinent hint that India has never accepted Pakistan since its inception and time and again certain roguish activities and blame game against Pakistan make captions. On March 03 an Indian Navy Commander was arrested while crossing Iranian border of Pakistan. Named as Commander Kulbhushan Yadav he was based in the Chabahar, an Iranian dock city and detained in the Chaman area of Balochistan where he was trying to enter with false identity name as Hussain Mubarak Patel. Upon his arrest he identified himself as a spy of RAW who was assigned special duties to glitch Pakistan's stability through various means. In a recent confessional videohe gave all details of his whereabouts and mischievous acts in which he was involved.

This is not the first time an Indian agent has been arrested in Pakistan. Prior to that present Indian National Security Advisor Ajit Doval who is always sputtering about Pakistan was working clandestinely for 7 years in the Pakistani territory. Moreover cases of Ravinder Kaushik, Gopal Das and Kashmir Singh also tell the plotted tale of RAW. This shows that India has a well-established network of espionage in Pakistan and RAW keeps on funding certain elements to tremor Pakistan's stability. When the case of Kulbhushan Yadav was brought into light and Indian High Commissioner in Pakistan was summoned upon alleged activities of RAW in Pakistan, Indian media as usual turned up in favour of its agent.

The New Indian Express newspaper in their very own report claimed Yadav as a businessman who owns a small ship and has nothing to do with the Indian intelligence agency RAW. But their so claimed statement proved wrong when Yadav confessed about his identity as serving naval officer and admitted that he rendered his services to RAW. In a video released on March 29, 2016 Yadav disclosed that he joined RAW at the end of year 2013 and was deputed to provide info about Karachi and Balochistan. He wore a number 41558Z and belonged to Indian Navy technical department. He joined National Defence Academy in 1987 and later inducted in Indian Navy as an officer in January, 1991 and served navy till 2001.

When Indian Parliament was attacked he started contributing to intelligence agency for gathering of intelligence within India. In 2003 he established a small business in Iranian port city Chabahar and started spying from there too with a code name Hussain Mubarak Patel. He made several visits to Karachi in 2003 and 2004 for intelligence information on behalf of RAW. When in 2013 he was appointed as an officer by RAW his prime duty was to deteriorate law and order situation in Karachi. Yadav confessed about his involvement in high profile attack in Karachi also. He was supposed to remain in contact with Baloch insurgents and confirmed that Baloch Liberation Army is being funded by RAW. Handlers of RAW wanted that Baloch liberation should come against Pakistan and demand separate land for themselves.

He admitted for establishing a network of operators, providing them funds by RAW and arranging and trafficking people for terrorist activities in Pakistan.He was specifically tasked to carry out bomb blasts and sabotage CPEC by any means. Most of the intelligence operations by him were done in coastal area of Gwadar, Pasni and Jewaani. He self-proclaimed for separation of Karachi and Balochistan from Pakistan. He also accepted the responsibility of training Baloch separatist terrorists to create chaos and unrest in Pakistan particularly Balochistan. By such clear confession of Indian spy one can surely say about presence of strong network of RAW in Pakistan which is not limited to just Balochistan but other provinces also.

Indian malevolent activities in Balochistan were already mentioned by Pakistan on various forums and this too should be highlighted again on United Nations platform. At least world should know how India is sponsoring state terrorism in Pakistan. It is a matter of concern for Iran also, to take serious notice of such kind of activities transported through its border to Pakistan. On the other hand when Joint Investigation Team from Pakistan visited Pathankot airbase, Indian fanatics protested their arrival and tried to harass.

At present when Pakistan is showing seriousness in eradicating terrorism not only from its territory but region also, such moves by India will definitely disrupt peace initiatives in process. Yadav's confessions have raised serious question about India's sincerity towards Pakistan which so far seems reasonably cynical. Pakistan has assured full cooperation in Pathankot incident and now its India's turn to accept its fault and provide substantiations about this arrested guy.

**By : Suraj**


## धुम्रपान तथा सूर्ति सेवनको असरबाट बच्ने उपायहरु

सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ अनुसार देहायबमोजिमका सर्वाजनिक स्थल, कार्यस्थल र सार्वजनिक यातायातमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाइँदैन । यो व्यवस्थालाई कडाइका साथ पालना गर्नाले धुम्रपान तथा सूर्ति सेवनको असरबाट बच्न सकिन्छ ।

- राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय
- शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था
- विमानस्थल, वायुसेवा तथा सर्वाजनिक सवारी साधान
- बालकल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाआश्रम, अनाथालय, बाल उद्यान तथा क्बल,
- सार्वजनिक शौचालय
- उद्योग तथा कलकारखानाका कार्यस्थल
- चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाला
- होटल, मोटल, रिसोर्ट, रेष्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्राबास तथा अतिथि गृह
- रंगशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस
- डिपार्टमेन्टल स्टोर तथा मिनि मार्केट
- धर्मशाला तथा धार्मिक स्थल
- सार्वजनिक सवारीका प्रतीक्षालय तथा टिकट काउन्टर ।

उपरोक्त बमोजिमका सार्वजनकि स्थलमा कसैले धुम्रपान तथा सूर्ति सेवन गरेमा उक्त स्थानबाट बाहिर निकालिने वा १०० रुपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । व्यवस्थापक (सार्वजनिक स्थलको प्रमुख)ले उक्त बमोजिमको सजाय गर्नुपर्ने छ । त्यसैले उक्त सर्वाजनकि स्थलमा कसैले पनि धुम्रपान तथा सूर्ति सेवन नगरौँ । आफ्नो र अरुको स्वास्थ्यको सुरक्षा गरौँ ।

**सबै सर्वाजनिक स्थलका व्यवस्थापक वा प्रमुखहरुले आफ्नो सर्वाजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्ने कार्य बन्द गराऔं । आफू र अरु व्यक्तिबाट ऐनको पूर्णरुपमा पालना गरौँ, गराऔँ ।**

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला जनस्वास्थ्य कार्यालय
टेकु, काठमाडौं




## /Elg va/

### गीत सुनाउँदै सबिन



पपगायक सबिन राई लाइभ कन्सर्टमा उत्रँदै छन् । एक समयका चर्चित पपगायक राई बीचमा ओझेल परेका थिए । १३ वर्षअघि उनले श्रोतामाझ ल्याएको 'सतह' एल्बमका गीतले उनलाई चर्चित गायक बनाएको हो ।

'गुराँसको फेदमुनि', 'कोमल त्यो तिम्रो वदन'लगायत गीतका कारण चर्चित भएका उनले गाएको 'चपली हाइट' फिल्मको प्रमोसनल गीत पनि चर्चामा थियो । उनै सबिन नयाँ वर्षको अवसरमा ३० चैतको साँझ दरबारमार्गस्थित भिक्ट्रीमा प्रस्तुत हुँदै छन् । उनले त्यहाँ आफ्नो इलेक्ट्रिक्स ब्यान्डसहित चर्चित गीतहरु गाउनेछन् । फेम नेपालले व्यवस्थापन गरेको उनको कन्सर्टका लागि श्रोताले एक हजार र १५ सय रूपैयाँको टिकट किन्नुपर्नेछ । कार्यक्रमको नाम नयाँ वर्ष नयाँ सुरूवात राखिएको छ ।

### दोस्रो मिस नेपाल कल्चर हुने

मिस कल्चर नेपालको दोस्रो संस्करण गरिने भएको छ । नेपाली कला–संस्कृतिको प्रवर्द्धन र जगेर्नाका लागि भन्दै आयोजना गरिने प्रतियोगितामा देशका विभिन्न ५९ जातिका सुन्दरीले प्रतिस्पर्धा गर्न पाउनेछन् ।

२० वैशाखमा फाइनल हुने प्रतियोगिताको प्रारम्भिक चरणको छनोटकार्य आजबाट हुँदै छ । युहान इन्टरनेसनल इभेन्ट्सको आयोजनामा हुने प्रतियोगिताको सहआयोजक सांस्कृतिक संस्थान रहेको छ । प्रतियोगितामा सहभागी हुनेलाई देशका विभिन्न जाति, समुदायको रहनसहन, रीतिरिवाज, कला–संस्कृति तथा परम्पराको बारेमा यथेष्ट जानकारी दिलाइने सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले जानकारी दिएका छन् । प्रतियोगिता आयोजक संस्थाकी प्रमुख सञ्जिता श्रेष्ठले युवापुस्तामा नेपाली कला–संस्कृतिका बारेमा जानकारी दिनुका साथै जिम्मेवारीबोध गराउन प्रतियोगिताले सहयोग गर्ने दाबी गर्छिन् । १६ देखि २६ वर्षसम्मका पाँच फिट उचाइ र कम्तीमा एसएलसी पास भएका युवतीले प्रतिस्पर्धा गर्न सक्ने प्रावधान राखिएको छ ।

प्रतियोगितामा विजयी हुने युवतीले एक वर्षसम्म सँस्कृतिक संस्थानको सद्भावनादूतका रूपमा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा सहकार्य गर्न पाउनेछिन् । यस्तै गरी, विजेतालाई सालिमार ज्वेलर्सका तर्फबाट चाँदीको ताज, भक्स वागनकारका तर्फबाट एक वर्षसम्म विशेष समारोहका लागि कार सेवालगायतका उपहार राखिएको आयोजक संस्थाले जनाएको छ ।

### धरानको पुरानो बजारको भिडियो

धराने गायक बबिन लिम्बूको गीत 'धरानको पुरानो बजारमा दुई बैनीलाई चिनेथ्या'को नयाँ भर्सन बन्ने भएको छ । पुराना सारंगीवादक सुरेश गन्धर्वको शब्द तथा संगीत रहेको यो गीतको नयाँ म्युजिक भिडियोका लागि धरानमा कलाकारको भीड लागेको छ । यही गीत



सुटिङका लागि मोडल पल शाह धरान पुगेका छन् ।

भिडियोमा अलिशा राईसँगै धरानका मोडल निलम थापा पनि देखिनेछन् । सोमबार भएको सुटिङस्थल यी सब मोडल प्रशंसकले घेरियो । भिडियोको निर्देशन योर इस्टायल टिभीका निर्देशक मीतचन्द ठकुरीले गर्दै छन् ।

### भुवनको एकल मूर्तिकला प्रदर्शनी

नेपाल आर्ट काउन्सिलमा मूर्तिकार भुवन थापा 'बहुबी'को एकल मूर्तिकला प्रदर्शनी आइतबारबाट सुरू भएको छ । आरम्भ नेपाली समसामयिक मूर्तिकार समूह र डोर कन्टेम्पोरेरी आर्ट फाउन्डेसनको संयुक्त आयोजनामा भएको प्रदर्शनीको उद्घाटन उपराष्ट्रपति नन्दबहादुर पुनले गरे । 'आत्मानुभूति' शीर्षकको प्रदर्शनी नेपाली समसामयिक मूर्तिकलाका क्षेत्रमा प्रभाव पार्ने खालको रहेको युवा मूर्तिकार नरेन्द्रप्रसाद भण्डारीले बताए ।

प्राकृतिक रूपको मर्मलाई भंग हुन नदिई आफ्ना भाव अभिव्यक्ति दिन कलाकार सकेको आयोजक संस्थाका अध्यक्ष ओम खत्रीले बताए । उनले थपे, 'कलाकारले स्वतन्त्र ढंगले विचार र आफ्ना भावना व्यक्त गर्न सफलसमेत रहेको पाइन्छ । नेपाली मूर्तिकलामा नगण्य मात्रामा यस्ता प्रदर्शनी भएका छन् । यत्रो संख्यामा अलग ढंगले प्रस्तुत हुन सक्नु कलाकारको सशक्त पक्ष रहेको छ । यस प्रदर्शनीले आमदर्शकलाई फरक दृष्टिबाट सोच्न बाध्य पार्छ ।' चार दिनसम्म चल्ने सो प्रदर्शनीमा ५६ वटा काठका मूर्ति राखिएको छ ।

## skf/6

### ग्लोबल आइएमईको रेमिट्यान्स बचत खाता

ग्लोबल आइएमई बैंकले विदेशबाट नेपाल भित्रिरहेको रेमिट्यान्सलाई बचतमा परिणत गर्ने बानीको विकास गर्न रेमिट्यान्स बचत खाता ल्याएको छ । आकर्षक विशेषता रहेको यस खाताअन्तर्गत विदेशबाट दुःख गरेर कमाएर पठाएको पैसा ग्राहकले ग्लोबल आइएमई बैंकमा खोलेको रेमिट्यान्स बचत खातामा सीधै जम्मा गर्न सक्ने बैंकले जनाएको छ ।

यसरी जम्मा गरेको पैसा ग्राहकले ग्लोबल आइएमई बैंकका जुनसुकै शाखा तथा एटिएमबाट सजिलै रकम झिक्न सक्ने बैंकले जनाएको छ । त्यस्तै खातामा रहेको रकममा ब्याजसमेत प्रदान गरिनेछ । स्थापनाकालदेखि नै ग्राहकको सुविधाका लागि विभिन्न बचत योजना ल्याएको ग्लोबल आइएमई बैंकले सहज रूपमा रेमिट्यान्स भित्र्याउन तथा जनमानसमा भविष्यका लागि बचत जरूरी छ भन्ने जनचेतनाको विकास गराउने उद्देश्यले 'रेमिट बन्छ सेभिङ' योजना बजारमा ल्याएको बैंकले जनाएको छ ।

बैंकले स्थापनाकालदेखि नै युएई, कतार, बहराइन, भारत, अस्ट्रेलिया, जापान, मलेसिया, दक्षिण कोरियालगायतका मुलुकका बैंक तथा एक्सचेन्ज हाउससँगको सहकार्यमा रेमिट्यान्स कारोबारलाई विशेष प्राथमिकतामा राखी सेवा प्रदान गर्दै आइरहेको जनाएको छ ।

### जनता बैंकको रक्तदान

जनता बैंक नेपालले सातौं वर्ष प्रवेश अवसर पारेर प्रधान कार्यालय नयाँबानेश्वरमा रक्तदान सम्पन्न गरेको छ । बैंक कर्मचारी, सेयरधनी, सेवाग्राही तथा शुभचिन्तक गरी ५८ जनाले रक्तदान गरेको बैंकले बताएको छ । बैंकले हाल ३६ शाखा, २९ एटिएम र एउटा शाखारहित बैंकिङ सेवाबाट ग्राहकलाई सेवा दिंदै आएको छ ।

### सिटी र ओमको संयुक्त कारोबार सुरू

पोखराको सिटी डेभलपमेन्ट बैंक लिमिटेड र ओम फाइनान्स लिमिटेड मर्ज भई सोमबारबाट राष्ट्रियस्तरको विकास बैंक 'ओम डेभलपमेन्ट बैंक लिमिटेड'को नामबाट कारोबार सुरू गरेका छन् ।

पोखरा उपमहानगरपालिकाद्वारा अघि सारिएको प्लास्टिक झोला तथा गिलास निषेधित क्षेत्र घोषणा कार्यक्रममा बैंकिङ साझेदारका रूपमा काम गर्ने तथा भूकम्पपीडितहरूलाई सहुलियत दरको आवास कर्जा आह्वानपत्र प्रदान गरी कार्यक्रम उद्घाटन गरिएको बैंकका अध्यक्ष सुशीलकुमार गोशलीले बताए । संयुक्त कारोबारपछि बैंकको चुक्ता पुँजी १ अर्ब ५ करोड, निक्षेप १० अर्ब ८२ करोड, कर्जा ९ अर्ब २२ करोड रूपैयाँ पुगेको बैंकले जनाएको छ । यस्तै, शाखा २५ वटा, एटिएम ३ वटा, कर्मचारी २ सय १९ जना, ग्राहक संख्या करिब १ लाख तथा सेयरधनी संख्या १६ हजार २ सय ७५ भएको प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीले बताए ।

'निक्षेपका आधारमा ओम डेभलपमेन्ट बैंक लिमिटेड नेपालका विकास बैंकमध्ये अग्रणी विकास बैंक बन्न सफल भएको छ,' सिइओ अधिकारीले भने । संयुक्त कारोबारपछि बैंकको प्रधान कार्यालय चिप्लेढुंगा, पोखरामा रहेको छ । बैंकको अध्यक्षमा सुशीलकुमार गोशली, प्रमुख कार्यकारी अधिकृतमा विश्वमोहन अधिकारी र नायव प्रमुख कार्यकारी अधिकृतमा बुद्धि मल्ल रहेका छन् ।




नयाँ वर्ष २०७३ को
पावन अवसरमा समस्त देशवासी
तथा शुभचिन्तकमा सुख, शान्ति
एवं समृद्धिका लागि
हार्दिक मंगलमय शुभकामना

SURYA NEPAL
सूर्य नेपाल प्रा.लि. परिवार
बालसदन, कान्तिपथ
काठमाडौं

## सर्वाभौमसत्ताको...

यो नेपालीहरूका निम्ति असह्य विषय पनि हो । उनले सो कुरा आफ्नै निवासमा एक दैनिक पत्रिकासँग कुरा गर्दै बताएका हुन् ।

कुराकानीमा दहालले भने स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न राष्ट्रको हैसियतमा नेपाल संयुक्त राष्ट्रसंघको सदस्य समेत रहेको र पटक-पटक सुरक्षा परिषद्मा नेपालले प्रतिनिधित्व गरिसकेको र स्वयं भारतसँग नेपालका थुप्रै सन्धी, सम्झौताहरू स्वतन्त्र र सावैभौमसत्ता सम्पन्न राष्ट्रको हैसियतले भएको बताउँदै अध्यक्ष दाहालले भने, आफ्नो राष्ट्रप्रतिको संवेदनशिलता र चेतना अभूतपूर्वरूपमा विकास भइरहेको अहिलेको अवस्थामा यस्तो बहस अगाडि आउनु दुर्भाग्यपूर्ण छ, यो धारणा आधिकारिक हो, होइन मलाई थाहा छैन, यदि आधिकारिक नै नभए पनि नेपाली जनताले त्यही ढंगले गम्भीरताका साथ लिनु पर्ने दाहालको भनाई थियो ।

हालै भारत र ईयूले संयुक्त विज्ञप्ति मार्फत नेपालको संविधानको बारेमा गरेको टिप्पणीप्रति आपत्ति प्रकट गर्दै दाहालले प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणमा भएका सहमति र सम्झौताको प्रतिक्रिया स्वयं (ईयू) र भारतको संयुक्त वक्तव्यमा भएको भन्ने आफूले बुझेको भन्दै कहीँ न कहीँ नेपालको संविधानकाबारेमा भारतले चित्त दुखाइरहेको छ भन्ने संयुक्त वक्तव्यबाट झल्किन्छ भन्दै यस्तो बहस आउनुको पछाडि लामो सोचले काम गरिरहेको छ । १९५० पछिको माइनसेट पछिल्लो चरणमा संविधान निर्माणको प्रक्रियामा देखाएको राजनीतिक प्रवृत्तिहरू आन्दोलन, नाकाबन्दीका घटनाक्रम नेपालमा भए त्यसलाई गम्भीर रूपमा हेरिनुपर्ने बताउँदै नेपालको समस्या समाधान गर्न नेपाली नै सक्षम रहेको बताएका छन् ।

## पानामा...

डीसट्रव्यूसन प्रालि, हिमालय इन्भेस्टमेन्ट ग्रुप लि.जस्ता कम्पनी दर्ता छन् । यी सबै कम्पनी कर छल्ने र सम्पत्ति लुकाउने उदेश्यले खोलिएका हुन् ।

एकातिर स्वीस वैंकमा ३ खर्ब लुकाउने नेपालीहरू नै थिए भने कर छली गर्ने र कालोधनलाई सेतो पार्ने धन्दामा पनि १३ नेपाली मुछिएका छन् । यिनले खोलेका कम्पनी सबै प्रालि कम्पनी भएकाले ती कम्पनीमा अरू को को संलग्न छन्, बिस्तारै सार्वजनिक हुँदैजाला तर यथार्थ के हो भने शशीकान्त अग्रवाल बाहेक नामचलेका कुनै पनि बिगहाउस सिधै मुछिएका देखिएका छैनन् । तर तिनका आफन्तजनका नाममा बिग हाउसहरूले कम्पनी दर्ता गराएर कालोधनलाई सेता बनाउँदै आएको हुनसक्छ ।

सिद्धभवनका विजेन्द्र जोशीले मात्रै आफ्नो नाममा खोलेको वर्ल्ड डिस्ट्रिव्यूसनको रेकर्ड सार्वजनिक गर्ने हो भने लहरो तान्दा एउटा स्थापित व्यापारिक घरानाको आन्द्राभुँडीको पहरो गर्जने दावी स्रोतले गरेको छ । झिना मसिना कुरामा छानबिन गर्ने अख्तियार र सीआईवीले स्वीस वैंक र टेक्स हेभनमा खोलिएका खाता र तिनले नेपालमा गरेको लगानीको रेकर्ड हेर्ने हो भने नेपालका ठूलै राजनीतिक पार्टी, ठूला व्यापारिक र उद्यमी घरानाहरूको मुखुण्डो उत्रने चर्चा आर्थिक फाँटमा चल्न थालेको छ ।

## चन्द...

खबरअनुसार डा.प्रकाशचन्द लोहनी बरिष्ठ नेता, दीपक बोहरा उपनेता र राप्रपालाई प्रशिक्षण, प्रचार, युवक र विद्यार्थी फाँट तथा राप्रपा नेपाललाई संसदीय, संगठन, महिला र मजदूर फाँट दिने सहमति बनेको छ । एकीकरणपछि केन्द्रदेखि गाउँतहसम्मका सबै पार्टी संगठनलाई एकै संरचनामा ढालिनेछ । केन्द्रीय महाधिवेशन मंसिर १५-१७मा गरिने प्रस्ताव गरिएको छ र एकीकरण पार्टीको पहिलो कार्यकालका लागि कमल थापा नै अध्यक्ष बन्ने भित्री सहमति पनि भएको खबर छ ।

वैशाख ५ गते राप्रपा र राप्रपा नेपालको एकीकरणलाई राष्ट्रिय राजनीतिक घटनाक्रम बनाउनका लागि ठूलै तयारी सुरू भइसकेको छ । दुबै राप्रपाले जारी संविधानलाई नै आलोचनात्मक समर्थनसहित आत्मसात गरेर जाने तर हिन्दूराष्ट्र निर्माणका विषयमा संघर्ष गर्न पनि सहमति बनेको छ । राजतन्त्रका विषयमा दुबै पार्टीले लिखतमा मौनबस्ने सहति गरेका छन् । यद्यपि राप्रपा नेपालका अध्यक्ष कमल थापाले हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्र राप्रपा नेपालको एजेन्डा हो, यो कहिल्यै नछाड्ने अभिव्यक्ति दिइरहेका छन् । राप्रपाको घोषित नीति गणतन्त्र नै हो ।

राप्रपा नेपाल एकसिट पनि चुनावबाट प्राप्त गर्न नसके पनि समानुपातिकका २४ र एकसिट सरकारले मनोनित गर्नेबाट लिएर २५ सभासदसहित चौथो शक्ति बन्न सफल भएको हो । यसैवीच सहअध्यक्ष केशरबहादुर विष्टले राप्रपा नेपालले हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्रको एजेन्डा छाडिसक्यो भनेर विद्रोह गरिसकेका छन् । उनलाई ३ वर्षका लागि निलम्बन पनि गरिएको छ । विष्टको भनाई आमजनमानसमा पुग्यो भने यसको नकारात्मक प्रभावमात्र पर्नेछैन, आगामी चुनावमा राप्रपा नेपालको दयनीय हालत पनि हुनसक्छ । सम्भवतः यही कारणले पनि अध्यक्ष लिएर राप्रपा नेपालले राप्रपासँग एकीकरण गर्न उत्साहित भएको हुनसक्छ । उता अध्यक्षको हिटलरी शैली भन्दै पद्मसुन्दर लावती समूहले पहिले नै समानान्तर पार्टी संगठन चलाइरहेका छन् । पद्मसुन्दर बितेपछि उनका छोरा सगुन लावतीले हाँकेको त्यो विद्रोही समूहले पनि राप्रपासँग एकीकरण गर्ने वार्ता गरिरहेको छ । ५ गते यो समूह पनि एकीकृत हुन्छ कि हुन्न स्पष्ट छैन ।

निश्चित कुरो के हो भने पूर्वपञ्चहरूले हाँकेको राप्रपा, राप्रपा नेपाल र विद्रोहीहरू एक भए र हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्र एजेन्डा बनाएर निर्वाचनमा गए भने यो शक्ति नेपालको सबैभन्दा ठूलो शक्ति बन्न सक्ने वातावरण बनिसकेको छ । ठूला पार्टीहरूको साख घटेको, जनताले विश्वास गर्न नसक्ने स्थिति बनेकोले पनि राप्रपा र राप्रपा नेपालको एकीकरणलाई राजनीतिक विश्लेषकहरू सामयिक कदम भनिरहेका छन् ।

यसैवीच पूर्वका नेता तथा राप्रपा नेपालका महामन्त्री राजेन्द्र लिङदेनले संघीयताले देश रणसंग्राम हुने र नेपालमा संघीयता कहिल्यै नफाप्ने प्रचार गर्न थालेका छन् । राप्रपा नेपालको यही कुरा सही ठानेर झापा कांग्रेसका ध्रुव पोखरेललगायतका सय कांग्रेसी राप्रपा नेपाल प्रवेश गरेका छन् ।

## कांग्रेसको...

बैठकले त्यस्तो निर्णय गरेपनि केन्द्रिय समितिबाट भारत र ईयूले प्रकाशति गरेको वक्तव्यका बारेमा केही नबोल्नु कांग्रेसको गैरजिम्मेवारीपन हो भन्ने प्रश्न समेत उब्जिएको बेला कांग्रेसका सांसद एवं केही केन्द्रिय सदस्यहरूले पार्टी नेतृत्वलाई वक्तव्यप्रति मौनता नसाध्न दबाब दिएका छन् । सांसद धनराज गुरूङ, गुरूराज घिमिरे, बद्री पाण्डे र जीवन परियारले संसदीय दलको बैठकमा लिखित प्रस्ताव राख्दै नेतृत्वलाई पार्टीको आधिकारिक धारणा सर्वाजनिक गर्न दबाब दिएका छन् ।

उनीहरूका अनुसार भारत र ईयूले जारी गरेको नेपाल सम्बन्धी विषय कुट्नीतिक मर्यदाविपरित रहेको उल्लेख गरेकाभएपनि पार्टीको आधिकारिक धारणा भने सर्वाजनिक भएको छैन । त्यसैले अविलम्ब पार्टीको आधिकारिक धारणा सर्वाजनिक गर्न उनीहरूले नेतृत्वलाई दबाब दिँदै भनेका छन्, नेपालको संविधानको सन्दर्भमा अनावश्यक टिप्पणी देशको सार्वभौमिकताप्रतिको हस्ताक्षेप भएको भन्दै यसप्रति कांग्रेस कडा आपत्ति गर्दछ भन्ने धारणा पार्टीले सार्वजनिक गर्नुपर्ने सुझाव नेतृत्वलाई दिएका छन् ।

केही मधेसवादी दलहरूले भने संविधानले आफूहरूलाई कुनै अधिकार नदिएको र संविधानले मधेस र मधेसी जनतालाई उपेक्षा गर्दै अन्तरिम संविधानले दिएको अधिकार कटौती गरेको भन्दै भारत र ईयूले प्रकाशित गरेको वक्तव्यको विरोध गर्नुपर्ने कुनै कारण नभएको भन्दै आ-आफ्नो पार्टीका धारण सार्वजनिक गरेका छन् । सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले त संविधान मधेसी जनताको हीतमा नभएको र ठूला दलहरूले मधेसवादी पार्टीले उठाएका मागहरू पुरा नगरेको भन्दै अब विश्वले नै नेपालमाथि नाकाबन्दी लगाउन सक्ने अभिव्यक्ति समेत दिएका छन् । यसरी पार्टीगत र व्यक्तिगत स्वार्थका लागि राजनीतिक दलहरूले आ-आफ्नो धारणा सर्वाजनिक गरेपनि ठूलो पार्टी र संसदको प्रतिपक्षी दलले भने आजसम्म कुनै धारणा सार्वजनिक नगर्नुले कांग्रेसको नियतमाथि नै प्रश्न खडा भएको छ । त्यसैले पनि कांग्रेसले अविलम्ब आफ्नो पार्टीको धारणा सार्वजनिक गर्नुपर्ने माग पार्टीभित्रैबाट उठेको छ ।

## हिन्दूराष्ट्रका...

गर्ने, धर्म निरपेक्षताको आडमा योजनाबद्ध र संगठीत रूपमा भइरहेको धर्म परिवर्तनलाई निरूत्साहित गर्ने तथा जातीय अधारमा मन्दिर प्रवेशमा निषेध, बालबिवाह, दहेज प्रथाजस्ता कुरितीहरूको अन्तयका लागि दबाब दिन आगमी जेठ मसान्तभित्रमा ७५ जिल्लामा हिन्दूत्व जागरण भेला तथा सभा आयोजना गर्ने निर्णय समेत केन्द्रिय समितिको बैठकले गरेको छ ।

बैठकले आगामी जेठमसान्तभित्रै सबै जिल्लामा जिल्ला परिषद सम्पन्न गरी जिल्ला कार्यसमिति गठनगर्न दिर्नेशन समेत दिएको छ । तोकिएको समयभित्रमा जिल्ला परिषद् हुन नसकेको अवस्थामा जिल्ला कार्यसमिति स्वतः विघटन हुने निर्णय समेत गरेको छ । सोही बैठकले संविधान निर्माणको अन्तिम चरणदेखि नै केही राजनीतिक दलहरूले विभिन्न माग राखी मधेशमा भइरहेको आन्दोलनलाई वार्ताका माध्यमबाट समाधान गरिनु पर्ने निष्कर्ष समेत निकालेको छ । राप्रपा नेपालमाथि आफ्नो एजेन्डा छोडेको आरोप लागिरहेको बेला उसले हिन्दू राष्ट्रका लागि संविधान संशोधनको प्रस्ताव संसदमा लैजाने र त्यहाँबाट अस्वीकृत भए त्यसका विरूद्ध मुलुकभरमै सभा, सम्मेलन र जागरण अभियान चलाउने निर्णय गरेर आफ्नो पार्टीले हिन्दूत्वको मुद्दा नछाडेको प्रष्ठ पारेको छ । राप्रपा नेपालले समान विचार भएका र मुद्दा मिल्ने अन्य पार्टीहरूसँग एकता गर्ने निर्णय समेत गरेको हुनाले राप्रपा नेपालले आफ्नो मुद्दा नछाडेको प्रष्ठ भएको छ । संसदमा चौथो ठूलो पार्टी भएको भएता पनि संविधान संशोधनका लागि आवश्यक संख्या उसँग नभएको हुनाले संविधान संशोधनबाटै नेपाल हिन्दूराष्ट्र कायम हुने अहिलेकै अवस्थामा सम्भव नदेखिए पनि अन्य पार्टीहरूले समेत पछिल्लो समयमा नेपाललाई हिन्दूराष्ट्र नै कायम गराउनुपर्छ भन्नेमा गएकाहुनाले भविष्यमा नेपाल हिन्दूराष्ट्र कायम हुने सम्भावना बढेर गएको छ । कुनै पनि बेला जनताले धर्मनिरपेक्षता नखोजेको् र ०६२/६३ को आन्दोलन र त्यसपछि पनि धर्म निरपेक्षताको पक्षमा कोही नभएपनि केही पश्चिमा मुलुकको दबाबमा मुलुकलाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएपछि राप्रपा नेपाल त्यसको विरूद्धमा संघर्ष गर्दै आएको छ ।

## लठ्ठी...

शक्ति प्रदर्शन गर्ने निर्णय गरेको हो । स्मरणीय छ, राप्रपा नेपालले आफ्नो एजेन्डा भनेको हिन्दूराष्ट्र र संवैधानिक राजतन्त्र नै हो भनेर देशव्यापी जागरण अभियानसमेत चलाइसकेको छ । तथापि निलम्बनमा परेका केशर विष्टले राजावादीहरूलाई एकत्रित पार्ने प्रयत्न गरेका छन् ।

गजबको संयोग त के छ भने व्याकडोरबाट आफ्ना छोरा विराज विष्टलाई छिराएर स्थानीय सहायक मन्त्री बनाउन केशर विष्ट सफल भए । यतिखेर बाबु केशर विष्ट विद्रोही बनेका छन् भने, केशर विष्टको प्रभाव झिकिदिने हो भने कुनै हैसियत बिनाका देखिने छोरा बिराज विष्ट त्यही राप्रपा नेपालको कोटाबाट सहायक मन्त्री छन् । यही कारण राप्रपा नेपालमा उनलाई फिर्ता बोलाउनु पर्छ भन्ने पुराना कार्यकर्ताहरूले माग गर्न थालेका छन् ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

आर्थिक वर्ष २०७२/०७३ को आयकरको दोस्रो किस्ता बापतको रकम बुझाउने सूचना

आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९५ को उपदफा ४ बमोजिम आर्थिक वर्ष २०७२/०७३ को कारोबारको संशोधित अनुमानित करको बिवरण पेश गर्नु पर्ने भए सो सहित र आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा १ बमोजिम दाखिला गर्नु पर्ने अनुमानित करको दोस्रो किस्ता बापतको सत्तरी प्रतिशत रकम मध्ये तिर्न बाँकी कर रकम यही २०७२ चैत्र मसान्त भित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा ब्याजबाट बचौं ।

"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"

सरोकारवाला निकायहरुलाई अपांगता भएका व्यक्तिहरुका सवालप्रति चासो लिने र जवाफदेही बनाऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




काष्ठमण्डप डेभलपमेन्ट बैंक लिमिटेड
Kasthamandap Development Bank Ltd.
Head Office

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार